# बिकलाङ्ग मित्र समुह

# अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र

# बाल संरक्षण नीति तथा कार्ययोजना

# २०५५

# बाल संरक्षण नीति तथा कार्ययोजना – २०५५

**प्रथम संस्करण २०५५**

**दोश्रो संस्करण २०६९**

**तेश्रो संस्करण कार्तिक २०७२**

## तेस्रो संस्करण सम्बन्धमा

अपाङ्गता भएका बालबालिकाहरूको उपचार र पुनर्स्थापनमा अनवरत रूपमा कार्यरत यो संस्थाको कामको उच्च मूल्याङ्कन गर्दै सन् २०१४ मा बेलायत स्थित स्टार फाउन्डेशनले पुरस्कृत गऱ्यो । यस सँगसँगै बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्न लाई सुझायो ।

त्यसो त संस्थाले वि.सं. २०५५ (सन् १९९९) मा नै बालसंरक्षण नीति तयार गरी लागू गरिसकेको थियो । वि.सं. २०६९ मा (सन् २०१२) मा दोस्रो संसोधन गरिएको नीतिमा स्टार फाउन्डेशनको सल्लाहमा थप परिमार्जन र नीतिको कार्यान्वयनको कार्य योजना नै बनाई लागू गर्ने उद्देश्यले तेस्रो संसोधन गरिएको हो ।

तेस्रो संसोधन गर्नको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका २५ वटा साझेदार संस्थाका बालसंरक्षण नीतिको अध्ययन गरी ती नीतिहरूमा रहेका उपयुक्त विषयहरूलाई यसमा समावेश गरिएको छ । संसोधनको सिलसिलामा साझेदार संस्थाका विज्ञहरूको राय सुझाव संकलन गर्ने र नेपाल सरकारले तयार गरेका दस्तावेज, ऐन कानून र अन्य संवैधानिक व्यवस्थाहरूको अध्ययन गर्ने काम भएको छ । यी सबै प्रक्रियाबाट प्राप्त सुझाव र विषयवस्तुहरूलाई संस्थाको आन्तरिक परिवेशमा मिल्ने गरी वा मौजाद नीतिमा संसोधन मार्फत समावेश गरिएको छ ।

तेस्रो संस्करणमा नीति मात्रै नभई यसको कार्यान्वयन कार्ययोजना पनि संलग्न गरिएको तथा यसको प्रभावकारी कार्यान्वयन संयन्त्रको निर्माणको प्रावधान समेत राखिएको छ ।

यो नीतिको प्रभावकारी कार्यान्वयन गर्ने गरी थप जनशक्तिको व्यवस्था गर्ने र कार्यान्वयनको अवस्था सम्बन्धी आवधिक प्रतिवेदन समेत तयार गरी सम्बन्धित निकायहरूमा बुझाउने व्यवस्था गरिएको छ ।

# १. पृष्ठभूमि

शारीरिक रुपमा अपाङ्ग भएका बालबालिकाहरूको उपचार र पुनर्स्थापनमा महत्वपुर्ण भुमिका निर्वाह गरेको बिकलाङ्ग मित्र समुहद्वारा सञ्चालित अपाङ्ग बाल अस्पताल तथा पूनर्स्थापन केन्द्रले अपाङ्ग भएका बालबालिकाहरूको अधिकार संरक्षण गर्नु सर्वोपरी कर्तव्य ठानेको छ । पक्षराष्ट्रको हैसियतले नेपालले बालअधिकार संरक्षण र प्रवर्द्धनका लागि गरेको अन्तराष्ट्रिय प्रतिबद्धता र यस सँग सम्बन्धित ऐन कानुन, नेपाल सरकारका प्रयास र व्यवस्थाहरूको उचित कार्यान्वयन गर्न र अपाङ्गता भएका बालबालिकाहरू प्रतिको विभेद लगायत दुर्व्यवहारहरूको नियन्त्रण तथा न्यूनीकरण गर्न यो बालसंरक्षण नीति तयार गरिएको हो ।

अपाङ्गता भएका बालबालिकाहरूले पनि साङ्ग बालबालिकाहरू सरह सम्मानजनक र गुणात्मक जीवनयापन गर्न पाउने अधिकारलाई सुनिश्चित गर्दै उनीहरूलाई सक्षम बनाउने कार्यमा सहयोग पुऱ्याउने यस संस्थाको परिदृश्य एवम् मूल उद्देश्य प्रति प्रतिबद्ध रही यो नीति तर्जुमा गरिएको छ । अपाङ्गता भएका बालबालिकाहरूलाई अधिकार र स्वतन्त्रताको पूर्ण उपभोगको प्रत्याभूति दिनु पर्ने हामी सबैको दायित्वलाई मनन् गर्दै यस संस्थाका सम्पूर्ण कर्मचारी एवम् यस संस्थासँग सम्बन्धित अन्य सबै सरोकारवाला तथा सेवा प्रदायक संस्थाहरूका प्रतिनिधिहरूले समेत यो नीतिको अबलम्बन गर्ने छन् । यो नीतिका निम्नानुसारका आधारभूत मान्यताहरू रहनेछन् :

क) अपाङ्गता भएका बालवालिकाहरूको पनि साङ्ग बालवालिकाहरूको जस्तै बालअधिकार छ ।
ख) अपाङ्गता भएका व्यक्ति त्यसमा पनि बालबालिकाहरू साङ्ग व्यक्तिको तुलनामा दुई गुणा बढी जोखिममा हुन्छन् ।
ग) बालअधिकार सम्बन्धी महासन्धी १९८९ ले पनि बालवालिकाहरूको संरक्षणको प्रष्ट व्यवस्था गरेकोछ ।
घ) बालबालिका सम्वन्धि ऐन २०४८ (वि.सं) र नियमावली २०५१ (वि.सं) ले अपाङ्गता भएका बालवालिकाहरूको हक अधिकार सम्बन्धी छुट्टै व्यवस्था गरेको छ ।
ङ) बालश्रम नियमित तथा निशेधित गर्ने ऐन २०५६ (वि.सं.) मा बालअधिकार सम्बन्धी विभिन्न व्यवस्था गरेको छ
च) बालन्याय कार्यविधि नियमावली २०६३ (वि.स)., तथा बालबालिका सम्वन्धि नीति २०६९ (वि.सं) मा पनि अधिकार सम्बन्धी प्रष्ट व्यवस्था गरेको छ ।
छ) नेपालको संविधान २०७२ बाल अधिकार सम्बन्धी प्रस्ट व्यवस्था गरीएको हुनाले यसमा राज्यको प्रतिवद्धता देखिन्छ ।

# २. दीर्घकालिन लक्ष्य

सम्पूर्ण राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका सरोकारवाला, सरकारी संस्थाहरूको समन्वयात्मक सहकार्यमा सबै वर्ग र समुदायका अपाङ्गता भएका तथा अन्य बालवालिकाहरूले बालअधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरीक सरहको व्यक्तित्व विकास गर्न सक्ने वातावरणको सिर्जना गर्ने ।

## ३. रणनीतिको उदेश्य

३.१ अपाङ्गता भएका बालवालिकाहरू माथि कुनै प्रकारको दुराचार भई सकेको प्रसङ्गमा थप परिस्थिति बिग्रन नदिन सरोकारवालाको व्यापक सहभागीतामा शारीरिक वा मानसिक हिंसा, क्षति उपेक्षा,शोषण, यौन दुर्व्यवहार आदिबाट संरक्षण गर्न उजुरी प्रकृया, उपयुक्त गोपनीयता अवलम्बन, पीडित पक्षको तत्कार उद्धार, पुनर्स्थापन, आदि गर्ने गराउने ।

३.२ अपाङ्गता भएका बालवालिका र उनीहरूका परिवारको हकहितको लागि उचित संरक्षण र विकासका लागि दिशानिर्देश गर्ने ।

३.३ बालवालिकाहरू प्रतिको सबैखाले विभेदको अन्त्य गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने ।

## ४. रणनीतिका क्षेत्रहरू

अपाङ्गता भएका बालवालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पर्ने खालका कार्य वा ब्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण नीति हो । अर्को शब्दमा, बालबालिकामाथि हुने सबै खालका हानीहरूबाट उनीहरूलाई संरक्षण गर्नु हो । बालबालिकाहरू माथि हुनसक्ने हानि भन्नाले निम्न पर्दछन् :

४.१ **भेदभाव** : लिङ्ग, जातपात, सक्रमित भएको, अपाङ्गता आदिको आधारमा हुने भेदभाव आदि ।

४.२ **दुर्व्यवहार**: यसका स्वरूपहरूमा- १)**मौखिक वा भावनात्मक दुर्व्यवहार वा गालीगलौज,**२) **शारीरिक दुर्व्यवहार**जस्तै कुटपिट, यातना, क्रूर ब्यवहार, थुनामा राख्ने, नेल-हतकडी लगाउने आदि समेतका कामहरू, ३) **यौनदुर्व्यवहारः** यौनाङ्ग तथा शरिरका संवेदनशील अङ्गहरूमा छुने (मन नपराउने छुवाइ पनि यौनदुर्ब्यवहार हुन्छ), यौनसम्बन्ध राख्नु वा यौनसम्बन्ध राख्ने उद्योग/प्रयास, जबरजस्ती करणी वा प्रयास, अश्लील चित्रण तथा सो सम्बन्धी प्रसारण समेत ।

४.३ **यौनशोषण**: आर्थिक फाइदा वा नाफाको लागि वा अन्य उद्देश्यका लागि बालबालिकालाई वेश्यावृत्तिमा लगाउने वा यौन क्रियाकलापमा संलग्न गराउने, यौनशोषणका लागि बालबालिकाको बेचबिखन गर्ने, बन्धक बनाउने वा अश्लील चित्रणमा बालबालिकाको दुरूपयोग गर्ने समेत ।

४.४ **यातना वा हिंसा** : यसअन्तर्गत बालबालिकाहरूलाई शारीरिक, मानसिक वा संवेगात्मक रूपमा यातना दिने, नेल वा हतकडी लगाउने, वयस्क बन्दी वा कैदीसँग कारागारमा थुन्ने समेत ।

४.५ **बेचविखन वा ओसारपसार वा अपहरण** : आर्थिक लाभ प्राप्तिका लागि बालबालिकाको अङ्ग तस्करी, श्रमशोषण, यौनशोषण वा यौनजन्यव्यापार, वेश्याबृत्ति, धर्मसन्तान लिने वा दिने, देशको सीमाना कटाउने तथा बन्धक बनाउने काम,

बेचबिखन तथा ओसारपसारका साथै फिरौती वा अन्य लोभमा गरिने अपहरण र बन्धक बनाउने कार्य समेत ।

४.६ **परम्परागत हानिकारक अभ्यासहरू**: यसअन्तर्गत खासगरी क) बालविवाह, धर्म, सँस्कृति वा अन्य कुनै पनि नाममा कानुनले तोकेको भन्दा कम उमेरमा गरिने विवाह, ख) छाउपडी प्रथा र महिनावारीसँग सम्बन्धित हुने सबै खालका विभेदहरू, ग) झुमा प्रथा-परिवारको माहिली छोरीले अनिवार्य रूपमा आनी भएर बस्नुपर्ने चलन, र घ) अस्पतालमा नगइ गरिने यौनाङ्ग छेदन जसले स्वास्थ्य सम्बन्धी जटिलताहरू भएर बढी रक्तश्राव भई मृत्यु समेत हुन सक्ने अवस्थाको सृजना समेत ।

४.७ **बेवास्ता/उपेक्षा वा हेलचक्राइँ**: बालबालिकाको स्याहारसुसार र पालनपोषणमा आमाबाबु, अभिभावक वा स्याहारकर्ताका तर्फबाट जानीजानी वा अज्ञानतावश हुने भूल तथा त्यसले बालबालिकाको जीवनमा तत्कालै वा दीर्घकालमा समेत उत्पन्न हुन सक्ने समस्याहरू वा अवस्थालाई बेवास्ता वा उपेक्षा वा हेलचक्रयाइ हो । उदाहरणका लागि समयमा नै बालबालिकालाई खोपहरू नलगाउने, बालबालिकालाई उमेर र विकासका चरणअनुसार उचित किसिमबाट स्याहारसुसार नगरिने समेत ।

४.८ **आर्थिक शोषण/बालश्रम शोषण** : यसअन्तर्गत- क)बालबालिकालाई कानूनद्वारा निषेधित श्रमशोषण तथा निषेधित काममा लगाउनु र ख) कम उमेरका बालबालिकालाई श्रमिकका रूपमा कानूनले निषेध गरेका काममा लगाउने आदि दुबै अवस्था समेत । त्यस्तै कानुनले श्रमिकका रूपमा काम गर्न स्वीकृत गरेको अवस्थामा निश्चित उमेरका बालबालिकालाई मात्र काममा लगाउने र तिनको बर्खिलाप पनि बालश्रम शोषण हो । आर्थिक लाभका लागि वा गैरकानुनी रूपमा मुनाफा कमाउने हेतुले बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउनु र उनीहरूलाई नाफा कमाउने साधनका रूपमा दुरूपयोग गर्नु आर्थिक शोषण हो ।

## ५. रणनीतिको कार्यान्वयन

५.१ यो बालसंरक्षणको नीति तथा कार्ययोजना संस्थाको कार्यकारी बोर्डबाट स्वीकृत भएपछि तत्काल लागू गरिनेछ ।

५.२ यस बाल संरक्षण नीति कार्यान्वयन पालना गर्नको लागि यस बिकलाङ्ग मित्र समुहद्वारा संचालित अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रका सरोकारवाला, अपाङ्गता भएका बालबालिकाहरू, उनीहरूको परिवार, यस संस्थाको बोर्ड, कार्यकारी व्यवस्थापन समिति, अल्पकालीन वा दिर्घकालीन रुपमा कार्यरत सम्पूर्ण कर्मचारीका साथै अपाङ्गतासँग सरोकार राख्ने अन्तराष्ट्रिय, राष्ट्रिय, तथा स्थानीय स्तरका आर्थिक, प्राबिधिक र भौतिक सहयोग प्रदान गरी काम गर्ने साझेदार संघसंस्थाहरू वा ब्यक्तिहरू, कार्यक्रममा सहभागी हुने सहभागीहरू, आगन्तुक लगायतका स्वंयसेवकहरूले रणनीति र यससँग सम्बन्धित आचार संहिताको पुर्ण पालना गर्नुपर्ने छ ।

५.३ बिकलाङ्ग मित्र समुहद्वारा संचालित अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रका प्रत्येक कर्मचारीलाई यस नीतिका बारेमा जानकारी गराइनेछ र पूर्ण रुपमा पालनाका लागि आचार संहितामा हस्ताक्षर गराइनेछ ।

५.४ बाल संरक्षण नीति र आचारसंहिताको बारेमा सम्वन्धित सबैलाई सचेतिकरण गराइनेछ ।

५.५ बाल संरक्षणसम्बन्धी कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा लक्षित वर्ग र सरोकारवालालाई सम्लग्न गराइनेछ ।

५.६ बालसंरक्षण नीतिको कार्यन्वयन सम्बन्धी बालसंरक्षण समिति गठन गरिने छ ।

## ६. रणनीतिका कार्ययोजना

### ६.१. प्रतिबद्धता गराउने

६.१.१) अपाङ्ग बाल अस्पताल तथा पुनस्थार्पन केन्द्रका कर्मचारी, कार्यसमितिका पदाधिकारीहरू, स्वयंसेवक लगायत सम्पूर्ण सरोकारवालाहरूलाई यो बालसंरक्षण नीति र आचार संहिता पालना गर्ने प्रतिवद्धता पत्रमा हस्ताक्षर गराई निजहरूको व्यक्तिगत विवरण रहेको फाइलमा राख्ने ।

६.१.२) संस्थाको केन्द्रिय कार्यालयमा सवै विभाग शाखाहरुमा तथा कर्मचारी यूनियन समेतलाई समेटने गरी वढिमा १३ सदस्यीय वालसंरक्षण समिति गठन गर्ने समितिको कार्यविधि अनुसुचीमा .... मा उल्लेख भए अनुसार हुनेछ । समितिले बालसंरक्षण नीतिको कार्यान्वयन तथा बालबालिकामाथि हुने कुनैपनि खालका दुर्व्यवहार हुन नदिने र भएको खण्डमा उजुरी सुन्ने तथा कानूनी उपचारको व्यवस्था मिलाउने । समिति अन्तर्गत सम्पर्क व्यक्ति तोक्ने र यो नीतिको कार्यान्वयनको जिम्मेवारी दिने ।

### ६.२ उचित वातावरण तयार गर्ने ।

६.२.१) गोपनियता कायम गर्ने गरी अपाङ्गता भएका बालबालिकाहरूको जाँच गर्ने ठाउँको उचित व्यवस्था गर्ने ।

६.२.२) बाल संरक्षण सम्बन्धी कार्यक्रमको लागि आवश्यक परामर्श कोठा र फर्निचरहरूको व्यवस्था गर्ने ।

### ६.३ सचेतिकरण गर्ने ।

६.३.१) बोर्ड, कार्यकारी व्यवस्थापन समिति, विभागिय प्रमुख र सम्पूर्ण कर्मचारीहरूको लागि बालसंरक्षण नीति सम्बन्धी अभिमुखीकरण तथा पुर्न ताजगी तालिमहरू सञ्चालन गर्ने ।

६.३.२) नयाँ कर्मचारी वा स्वयमसेवकहरू भर्ना हुँदा त्यसै वखत नै संस्थाको बालसंरक्षण नीतिको बारेका सचेतीकरण गराउने ।

६.३.३) बहिरङ्ग (ओ.पि.डी).सेवा अंन्तर्गत अपाङ्गता भएका बालवालिका र उनीहरूका अभिभावकहरूलाई बाल अधिकार र बालसंरक्षण नीति सम्बन्धी निरन्तर चेतना अभिवृद्धि तथा मनोविमर्श सेवा दिने ।

६.३.४) बालअधिकार र बालदुर्ब्यवहार सम्बन्धी अडियो, भिडियो सामाग्रीको उत्पादन गरी बहिरङ्ग (ओ.पि.डी).सेवा,घुम्ती शिविर लगायतका ठाउँहरूमा प्रर्दशन गर्ने ।

६.३.५) बालसंरक्षण नीति सम्बन्धी पोष्टर, पम्पप्लेट लगातयतका सूचना, शिक्षा तथा सञ्चार सामग्री बनाई वितरण गर्ने ।

६.३.६ संस्थाले संचालन गर्ने सम्पुर्ण कार्यक्रममा बालसंरक्षणसम्वन्धी विषयहरु अनिवार्य रुपमा समावेश गर्ने ।

## ६.४ जनमत सिर्जना गर्ने ।

६.४.१) संस्थाको कार्य क्षेत्र रहेका जिल्लाहरूमा बालसंरक्षण नीति तथा आचारसंहिता सम्बन्धी जनमत सिर्जना गर्न संचारका विभिन्न माध्यमहरू मार्फत चेतनामूलक गतिविधिहरू संचालन गर्ने ।

६.४.२) समय समयमा मिडिया हाउस र पत्रकारहरू बीच अपाङ्गता भएका बालबालिकाहरूको हक अधिकार र संरक्षण सम्बन्धी अर्न्तक्रिया गर्ने ।

६.४.३) अपाङ्गता भएका बालबालिका र उनीहरूका अभिभावकहरू सँग बालसंरक्षण सम्बन्धी अर्न्तक्रियाहरू गर्ने र उनीहरू मार्फत जनचेतना अभिबृद्धि गर्ने ।

## ७)अभिलेखिकरण

७.१) बालसंरक्षण नीतिसम्बन्धी आवश्यक सामग्रीहरू संकलन गर्ने र व्यवस्थित ढंगले राखी सम्बन्धित सबैले अध्ययन गर्न सक्ने बातावरण तयार गर्ने ।

७.२) बालदुर्व्यवहारका घटनाहरू वा उजुरी सम्वन्धी सामग्रीहरूलाई उच्च गोपिनियता कायम रहने गरी राख्ने व्यवस्था गर्ने ।

७.३) बालसंरक्षण नीतिको कार्यान्वयन सम्बन्धी मासिक प्रतिवेदन तयार गरी बालसंरक्षण समितिलाई पेश गर्ने ।

७.४) शोषण वा दुर्व्यवहार सम्बन्धी उजुरी परेका घटनाहरूमा आवश्यक जानकारी संकलन गरी कानुनी उपचारको लागि सहजीकरण गरिदिने ।

७.५) बालसंरक्षण र दुर्व्यवहारको घटनाहरूको आधारमा कम्तिमा बर्षको एउटा चेतनामूलक घटना कथा वा विवरण तयार गर्ने ।

## ८. उजुरी तथा कारवाही

८.१) बालहिंसा सम्बन्धी उजुरी जिल्ला वा फिल्डमा कार्यरत कर्मचारीको हकमा त्यहाँ कार्यरत कार्यालय प्रमुखलाई गर्ने र कार्यालय प्रमुखले सो उजुरीको सुनुवाईको लागि बालसंरक्षण समितिमा प्रेषण गर्ने । कार्यालय प्रमुख विरूद्धको उजुरी भए सिधै केन्दि्रय कार्यालय स्थित बालसंरक्षण सेफगार्डेन समितिमा उजुरी गर्ने । बालसंरक्षण समितिले आवश्यक प्रक्रिया अपनाई वा कानुनी परामर्श लिई कार्बाही गर्ने ।

८.२) उजुरीको अन्तिम फैसला नभए सम्म संस्थाले निज व्यक्तिलाई निलम्बन गर्न सक्नेछ । वा घटनाको प्रकृति हेरी तत्कालै बर्खास्त गर्न समेत पनि सकिने छ ।

## ९.अनुगमन मुल्याङ्कन

९.१) बिकलाङ्ग मित्र समुहद्वारा संचालित अपाङ्ग बाल अस्पताल तथा पूनर्स्थापन केन्द्रको विभिन्न क्षेत्रमा रहेका सम्वन्धित सुपरभाईजर मार्फत बालसंरक्षणको अनुगमन मूल्याङ्कन हुनेछ । र आवश्यक भएको खण्डमा बालसंरक्षण समितिलाई गरिएको रिर्पोटलाई आधार मानी कार्यकारी व्यवस्थापन समिति वा बोर्डले समेत अनुगमन मूल्याङ्कन गर्न सक्नेछ ।

९.२) बालसंरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्न संस्थाको वार्षिक, आवधिक योजना तथा कार्यक्रममा यस सम्बन्धी अनुगमन मूल्याङ्कन गतिविधिहरू समावेश गर्ने ।

९.३) संस्थाको वार्षिक प्रतिवेदनमा बालसंरक्षणको अवस्था सम्बन्धी छुट्टै शीर्षकमा प्रतिवेदन समावेश गर्ने ।

## १०. केही पारिभाषिक शव्दहरू :

**संस्था :** संस्था भन्नाले बिकलांङ्ग मित्र समुह एवम् यस द्वारा संचालित अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र र यस अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरू बुझ्नु पर्दछ ।

**बाल संरक्षण नीतिः** यस संस्थाको बाल संरक्षण नीति भन्नाले बिकलाङ्ग मित्र समुहद्वारा संचालित अपाङ्ग बाल अस्पताल तथा पूनर्स्थापन केन्द्र संग सम्बन्धित बालबालिका र अपाङ्गता भएका बालबालिकाहरूलाई सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षा, शोषण, यौन दुर्व्यवहारबाट संरक्षण गर्न बनेको बाल संरक्षण नीति भन्ने बुझिने छ ।

**सरोकारवालाः** सरोकारवाला भन्नाले कर्तव्य पालक (Duty Bearer) सरकारी निकाय तथा राज्यका अन्य संयन्त्र भन्ने बुझनु पर्दछ ।

**अधिकारवालाः** अधिकारवाला भन्नाले अपाङ्गता भएका बालबालिकाहरू र उनीहरूको परिवारबुझ्नु पर्दछ ।

**सेवा प्रदायक** यस संस्थाको बोर्ड, कार्यकारी व्यवस्थापन समिति, सम्पूर्ण कर्मचारीहरू, अल्पकालीन वा दिर्घकालीन रुपमा सम्लग्न साथै साझेदारहरू (अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानियस्तरका) सबै संघ संस्थाहरू तथा व्यक्तिहरू जसले आर्थिक, प्राविधिक र भौतिक सहयोगहरू प्रदान गर्ने, कार्यक्रममा सहभागी हुने तथा आगन्तुकहरू लगायतका स्वयंसेवकहरू समेत बुझ्नु पर्दछ ।

## ११) विविध :

११.१ बिकलाङ्ग मित्र समुहद्वारा संचालित अपाङ्ग बाल अस्पताल तथा पूनर्स्थापन केन्द्रले अन्तराष्ट्रिय संघ संस्थाहरूसँग पनि सहकार्य गरी काम गर्ने हुँदा यो बाल संरक्षण नीति नेपाली र अंग्रेजी दुबै भाषामा हुनेछ र नेपाली भाषाको नीति लाई प्रमुख आधार मानिने छ ।

११.२ बिकलाङ्ग मित्र समुहद्वारा संचालित अपाङ्ग बाल अस्पताल तथा पूनर्स्थापन केन्द्रको यस नीतिलाई कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादयताका अनुसार स्वतन्त्र रुपमा मुल्याङ्कन गरी आवश्यकता अनुसार समसामायिक पुनरावलोकन तथा सुधार गरिनेछ ।

११.३ यस नीति अन्तर्गतका विषयवस्तुहरू प्रचलित ऐन कानून र अन्तराष्ट्रिय मापदण्डसँग बाँझिन आएको खण्डमा सो सम्बन्धी विषय वस्तु स्वत : निस्कृय हुनेछ र नीतिको संसोधन मार्फत सम्वोधन गरिनेछ ।

# अनुसूचि -१

**बालसंरक्षण नीति सम्बन्धी प्रतिवद्धता**

बिकलाङ्ग मित्र समुह/अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रको कार्य समितिको मिति................ बसेको बैठकले अनुमोदन गरेको बालसंरक्षण नीति पूर्ण रुपमा पालना गर्न गराउन सम्पूर्ण सरोकारवाला व्यक्ति, सेवा प्रदायक वा यस संस्थाको कार्यक्रममा संलग्न कुनै पनि व्यक्तिलाई यो प्रतिवद्धता पत्रमा हस्ताक्षर गर्ने गराउने निर्णयसँग सम्वन्धित

## प्रतिबद्धता पत्र

म..........................................................., ................अञ्चल, .......................जिल्ला, ................................. महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गा.वि.स................वडा ..............................................टोलमा स्थाइ/अस्थाइ घर भई हाल बिकलाङ्ग मित्र समुहद्वारा सञ्चालित अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र अर्न्तगतको ..................................................विभाग/परियोजना/शाखाको .................................................. पदमा कार्यरत छु । यस बाल संरक्षण निति अनुसार, नेपाल सरकारको नीति नियम कानून, अन्तराष्ट्रिय कानून, बालअधिकारसम्बन्धी मान्यता अनुसारको कुनै पनि किसिमको बालहिंसा,यौनदुराचार,बालबालिकालाई होच्याउने, बालअधिकार बिरोधी, बालअधिकार हनन हुने कार्यगर्ने गराउने तथा, यस कार्य गर्न कसैलाई सघाउने,प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहभागीहुने,वा त्यस्तो अर्थलाग्ने कुनै पनि कार्य गर्ने छैन र यस केन्द्रको बालसंरक्षण नीति र यसैसाथ संलग्न आचार संहितालाई पूर्णरुपमा पालना गर्नेछु भनी यो प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्दछु ।

नाम :-

ठेगाना :-

मिति :-

हस्ताक्षर :-

## सेवा प्रदायक र सम्वन्धित व्यक्तिहरूले पालना गर्नुपर्ने आचरणहरू :

बालबालिकाको संरक्षण तपाईको आफ्नो दायित्व हो भन्ने तथ्यलाई मनन् गरी निम्न आचारसंहिता तयार गरिएको छ । यस आचार संहितामा गर्न हुने कार्यहरू (व्यवहार) तथा गर्न नहुने कार्यहरू (व्यवहार) को रुपमा प्रस्तुत गरिएको छ ।

१ बालबालिकालाई एक्लो अवस्थामा कुनै पनि प्रकारको सहयोग वा कुराकानी अन्तरवार्ता वा छलफल गर्न एकान्त वा ढोका वन्द गरी वस्न पाइने छैन ।

२ कार्यक्रम सञ्चालन गर्ने क्रममा बालबालिकालाई चुम्वन गर्ने, आलिङ्गन गर्ने वा अनावश्यक रुपमा शरीरमा छुने, अश्लिल कुरा गर्ने जस्ता कार्य गर्ने वा गराउन पाइने छैन ।

.३ अपाङ्गता भएका बालबालिकाहरूसँग कुरा गर्दा वा कुनै पनि विषयमा छलफल गर्दा बालबालिकाहरूलाई मन नपर्ने गरी बोल्न, कुराकानी गर्न, जबरजस्ती उनीहरूको भनाई लिन, अभिभावकको अनुमति बिना फोटो वा भिडियो खिच्न पाइने छैन ।

४ बिकलाङ्ग मित्र समुहद्वारा संचालित अपाङ्ग बाल अस्पताल तथा पूनर्स्थापन केन्द्रले बाल अधिकार हनन्को विवादमा परेका कुनै पनि व्यक्तिलाई कर्मचारीको वा अन्य कुनै पनि रुपमा जिम्मेवारी प्रदान गर्ने छैन ।

५ बाल हिंसाको आरोपित व्यक्तिलाई, कानुन अनुसारको कारबाहीको प्रक्रियामा उजुरी परेपछि सो उजुरीको फैसला नभए सम्म संस्थाले निज व्यक्तिलाई निलम्बनमा राख्नेछ वा घटनाको प्रकृति हेरी तत्कालै बर्खास्त गर्न पनि सक्ने छ ।

.६ अपाङ्गता भएका बालबालिका र अन्य बालबालिका वा उनीहरूको परिवार लगायत कसैलाई पनि हेला वा सरोकारवालाहरुलाई होच्याएर, जिस्काएर वा अपहेलित महशुस गर्ने गरी कुनै पनि शब्द सम्बोधन गर्न पाइने छैन ।

७ बालबालिकाको गोपनीयता भङ्ग नगर्ने र दोहोरो अर्थ लाग्ने भाषा प्रयोग गरी भ्रम पैदा गर्न पाईने छैन ।

८ बालबालिकाहरू र परिवारसँग अनावश्यक घनिष्ठता बढाउने र अनुमति वेगर बालबालिकालाई छुन पाइने छैन ।

.९ बालबालिकाहरू वा अविभावकहरूलाई असम्वन्धित काम गराउन वा गर्न बाध्य बनाउन पाइने छैन ।

१० कुनै पनि बालबालिका वा सम्वन्धित व्यक्तिहरूलाई जवरजस्ती परामर्श वा आफ्ना विषयहरू लाद्न पाइने छैन ।

११ शौचालयको प्रयोग गर्दा महिलाले महिलाको र पुरुषले पुरुषको प्रयोग नगरी अन्यथा गर्न पाइने छैन ।

१२ सेवाग्राहीलाई सेवादिन तोकिएको स्थानमा मात्र दिनुपर्छ ।

१३ आफनो पद वा स्तरको दुरुपयोग गरी कसैलाई पनि प्रभाव पार्न पाइने छैन ।

१४ कार्यक्रम क्षेत्रमा जाँदा बालबालिकाहरूसँग संस्थाले तोकेका कार्य भन्दा बाहेकका अवस्थामा कोहि पनि एक्लै बस्न पाउने छैन ।

१५ कुनै कारणबस बास बस्ने अन्य व्यवस्था नभई बालबालिकाहरूको घरमा बस्नु परेमा अभिभावक नभएका घरमा बस्न पाईने छैन र यस्तो अवस्थामा छरछिमेक वा नजिकको व्यक्तिलाई उद्देश्य र परिचय पत्र सहित परिचय खुलाएर उनीहरूको स्वीकृतीमा मात्र बस्नु पर्नेछ ।

१६ अपाङ्गता भएका बालबालिकाहरूलाई डोऱ्याउँदा गमनशिलताको नियमलाइ आत्मसाथ गरी डोऱ्याउनुपर्ने छ ।

१७ सबै धार्मिक समुदायका बालबालिकाको आ आफ्नै मौलिक पहिचान र मान्यतालाइ सम्मान गर्नु पर्दछ ।

१८ बिकलाङ्ग मित्र समुहद्वारा संचालित अपाङ्ग बाल अस्पताल तथा पूनर्स्थापन केन्द्रको सबै छापा, विद्युतिय प्रकाशन प्रशारण गरिएका सामाग्री बालहित विपरीत हुने छैनन् । संस्थाले संचालन गर्ने कुनै पनि कार्यक्रममा बालबालिकाहरू भाग लिन आउँदा कार्यक्रम स्थल सम्म आउँदा पर्न सक्ने जोखिमलाई ख्याल गरी अभिभावक वा संरक्षकको अनुमति पत्र तथा लामाबाटा भए संरक्षकको व्यवस्था गर्नु पर्नेछ ।

१९ कुनै पनि बालबालिकाको लागि लामो बाटोमा संरक्षक को व्यवस्था गर्दा लिङ्गको आधारमा संरक्षकको व्यवस्था गरिने छ भने त्यसो गर्न नसकेमा महिला संरक्षकलाई प्राथमिकता दिईने छ ।

२० माथि उल्लेखित सेवा प्रदायक वा अन्य कोहि पनि व्यक्ति वा संस्थाबाट पनि बालबालिकालाई हिंसा, दुर्व्यवहार भएमा बिकलाङ्ग मित्र समुहद्वारा संचालित अपाङ्ग बाल अस्पताल तथा पूनर्स्थापन केन्द्रले ढाकछोप गर्ने लुकाउने जस्ता काम गर्ने छैन र बालबालिकाको अधिकार संरक्षणका लागि पहल कदम गर्नेछ ।

२१ कुनै पनि बाल अधिकार हननका घटना घट्ने बित्तिकै नेपालको प्रचलित कानुन अनुसार सम्वन्धित निकायमा केन्द्रले जानकारी वा उजुरी तरुन्तै गर्नेछ ।

२२ सबै सरोकारवालाहरुले आदर सम्मान गर्ने र सबैको कुरा ध्यान दिएर सुन्ने बातावरण तयार गर्नुपर्दछ ।

२३ बालबालिका वा उनीहरूको परिवारहरूको कुराहरूलाई पीडितको हित रक्षा हुने गरी बालसंरक्षण सम्बन्धी गोपनीयता कायम राख्ने र सहि सुचना दिने गर्नपर्दछ ।

२४ उपचारको सिलसिलामा परामर्श र परीक्षण गर्दा सम्वन्धीत व्यक्तिसँग निश्चित दुरी कायम गरी संरक्षकको उपस्थितिमा मात्र सेवा उपलव्ध गराउनु पर्दछ ।

२५ उपचार प्रकृयामा सबैलाई समान व्यवहार गर्ने र सेवाको सिलसिलामा लैङ्गिक सम्वेदनशिलता अपनाउनु पर्दछ ।

२६ अपाङ्गता भएका बालवालिकाहरूका लागि सुहाउँदो भौतिक संरचनाको व्यवस्था गर्नुपर्दछ ।

२७ उपचार प्रकृयामा सरोकारवालालाई उपचारका सम्भाव्य परिणामका बारेमा यथा सम्भव अग्रिम सूचना दिने र उपचार गर्ने वा नगर्ने कुराको निर्णय सम्वन्धित व्यक्तिलाई गर्न दिने गर्नुपर्दछ ।

२८. कुनै पनि सरोकारवालाहरुले घरमा वालवालिकाहरुलाई घरेलु काममा लगाउन पाईदैन ।

२९ आचार संहितामा व्यवस्था गरिएको प्रावधानहरूलाई प्रभावकारी पालना गर्ने र गराउने कुरा आफ्नो दायित्व ढाल्नु पर्छ ।

३०. उपचारका लागी यस केन्द्रमा आएका कुनै पनि अभिभावक ,बालवालिका र अन्य सरोकारवालाहरुले यस संस्थामा कार्यरत कर्मचारीलाई अनावस्यक कुराकानी वा संचार र घनिष्ठता बढाउन पाईने छैन ।